## माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २ मितिः २०७९/०४/०१


**भाग १**

**माण्डवी गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७९ सालको ऐन नं. २**

## माण्डवी गाउँपालिकाको विनियोजन ऐन, २०७९

माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम माण्डवी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम माण्डवी गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च,समपुरक कोष विषेश कोष र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४११६०४००० (अक्षरुपी एकचालीस करोड सोह्र लाख चार हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐन सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त माण्डवी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र

कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ

अनुसूची—१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | संञ्चित कोषमा प्राप्त हुने अनुमानित रकम | | | | | |
| १. | | माण्डवी गाउँपालिका | ८८६६०००० | ५५०५०००० | | १४३७१०००० |
| २. | | माण्डवी गाउँपालिका वडा नं. १ | ८१०००० | १६००००० | | २४१०००० |
| ३. | | माण्डवी गाउँपालिका वडा नं. २ | ९७२००० | १४३०००० | | २४०२००० |
| ४. | | माण्डवी गाउँपालिका वडा नं. ३ | ८३३००० | १६००००० | | २४३३००० |
| ५. | | माण्डवी गाउँपालिका वडा नं. ४ | १३२२००० | १३७०००० | | २६९२००० |
| ६. | | माण्डवी गाउँपालिका वडा नं. ५ | ११०७००० | १३५०००० | | २४५७००० |
| ७. | | माण्डवी गाउँपालिका-शिक्षा | २९९५०००० | ५०००० | | ३००००००० |
| ८. | | माण्डवी गाउँपालिका-स्वास्थ्य | ८०७०००० | ४३०००० | | ८५००००० |
| ९. | | माण्डवी गाउँपालिका-महिला विकास शाखा | ४८००००० | ० | | ४८००००० |
| १०. | | माण्डवी गाउँपालिका-पशु सेवा | ४३७५००० | ० | | ४३७५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | | माण्डवी गाउँपालिका-कृषि शाखा | २९७५००० | ३५०००० | | ३३२५००० |
| १२. | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त अनुदान | १५१५००००० | १६०००००० | | १६७५००००० |
| १३. | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विषेश अनुदान | ० | १५०००००० | | १५०००००० |
| १४. | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम समपुरक अनुदान | ० | ८०००००० | | ८०००००० |
| १५. | | प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान | ० | ८०००००० | | ८०००००० |
| १६. | | प्रदेश सरकारबाट हस्तान्तरित विषेश अनुदान | ६०००००० | ० | | ६०००००० |
| | | जम्मा | ३०१३७४००० | ११०२३००००० | | ४११६०४००० |
| संचितकोषबाट खर्च हुने रु एकचालीस करोड सोह्र लाख चार हजार मात्र | | | | | | |

**प्रमाणीकरण मिति : २०७९/०४/०१**

**आज्ञाले,**
**शिसिर रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**

माण्डवी गाउँपालिका